कुश्मा नगरपालिका
# नगर कार्यपालिकाकाको कार्यालय
कुश्मा, पर्वत

☏०६७-
४२०४८४,४२०१८६
४२०१४१
📠०६७- ४२०४८४

प.सं. ०८०/०८१ (राजस्व शाखा)
च.नं.

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

## सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचनाः
### दोश्रो पटक प्रकाशन मिति २०८०/११/१५

चालु आ.व २०८०/०८१ मा स्थानिय सरकार संचलन ऐन, २०७४ को दफा ६१ एवं कुश्मा नगरपालिकाको आर्थिक ऐन २०८० र स्थानीय राजस्व परामर्श समितिको बैठकको निर्णय बमोजिम नगरपालिकावाट कवाडी मालसामान संकलन तथा निकासी गरे बापत कर तथा शुल्क संकलनको कार्य गर्नका लागि मिति २०८०/८/७ गतेका दिन कोटेशन माग गरिएकोमा तोकिएकोमा समयावधिभित्र दररेट/कोटेशन पेश हुन नआएकोले मिति २०८०/९/७ गतेको सूचना अनुसार सिलबन्दी दरभाउपत्र आहान गरिएकोमा तोकिएको समयावधि सिलबन्दी दरभाउपत्र पेश नभएकाले पुन दोश्रो पटक सिलबन्दी दरभाउपत्र आहान गरी उक्त कार्य ठेक्काबाट गराउनका लागि यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक इजाजतप्राप्त फर्म वा कम्पनीहरुबाट तपसिलमा उल्लेखित विषय र सर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपुर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

तपसिलः

| क्र.सं. | विषय | कार्यालयले तोकेको मुल्य (भ्याट वाहेक) | ठेक्का लाग्ने अवधी | ठेक्का नं. |
|---|---|---|---|---|
| १ | कवाडी कर | रु५,००,०००।-(पाँच लाख रुपैयाँ मात्र) | २०८१ असार मसान्त सम्म | १ -८१/०८०- |

सर्तहरुः

१. सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय सम्म दरभाउपत्र फाराम रु.१००० (एक हजार रुपैयाँ) भुक्तानी गरी (फिर्ता नहुने गरी) कुश्मा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने वा नगरपालिकाको आन्तरिक राजस्व खाता नं ०६६०३००००००१००१००००००१ मा जम्मा गरी भौचरको सक्कल प्रति दाखिला गरी दरभाउपत्र फाराम लिन सकिनेछ । दरभाउपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानिनेछ ।

२. सूचना प्रकाशन भएको मितिले सोह्रौं दिनको १२ बजे सम्म दरभाउपत्र दाखिला गर्न सकिनेछ ! सोहि दिनको दिउसो २ बजे कार्यालय प्रतिनिधि र दरभाउपत्रदाताको रोहवरमा कार्यालयमा नै दरभाउपत्र खोलिनेछ । उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र खोलिने छ। दरभाउपत्र दाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र जमानत वापतको जम्मा रकम रु १२५००। यस कार्यालयको नाममा नेपाल बैङ्क लिमिटेड कुश्मा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं ०६६०३००००००३०००००००००१ मा जम्मा

गरी सोको सक्कलै भौचर वा सो रकम वरावरको यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र जमानत (विडवण्ड) दाखिला गर्ने अन्तिम मितिले ७५ दिनको अवधी भएको समावेश गर्नु पर्नेछ ।

४. कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको दरभाउपत्र फारामलाई मान्यता दिईने छैन । दरभाउपत्र साथ फर्म वा कम्पनी दर्ता प्रमाण पत्र , नविकरण, आय कर दर्ता प्रमाण पत्र ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ ।

५. प्रत्येक दरभाउपत्रको छुट्टा छुट्टै खाममा आफूले कबोल गर्न चाहेको विषय वा शिर्षकको सूचनामा उल्लेखित बोल पत्र नं. सहित कामको विषय वा शिर्षक लेखि दरभाउपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र स्विकारे बापत नियमानुसार आफूले बुझाउन पर्ने सम्पूर्ण रकम ठेकेदार स्वयंले बुझाउन पर्नेछ । सम्झौताको लागि स्वीकृत दरभाउपत्रदाताले आफूले कबोल गरेको कुल रकम तीन किस्ता गरी बुझाउन सक्नेछ । यसरी बुझाउने किस्ता मध्ये प्रथम किस्ता बापत ४० प्रतिसत रकम सम्झौता गर्ने समयमा बुझाउन पर्ने छ । बाँकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८१ श्रावण मसान्त सम्मको लागि जारी भएको अग्रिम भुक्तानी, बैंक ग्यारेन्टी वा नगद जमानत पेश गर्नु पर्ने छ ।

७. आफूले कबोल गरेको ठेक्का अंकको रकम एकमुष्ठ अग्रिम बुझाउने दरभाउपत्र दातालाई कबोल अंकको ५ प्रतिसत सम्म छुट दिई सम्झौता गर्न सकिने छ । तर धरौटीको रकमलाई सो रकममा समाबेस गरीने छैन ।

८. ठेकेदारले सम्झौता पत्रमा तोकिएको बस्तुहरुमा मात्र तोकए बमोजिमको दर रेटमा कर दस्तुर असुल गर्नु पर्नेछ । प्रचलित कानुन ऐन नियम सम्झौता र सूचनाको शर्तहरु विपरीत कार्य गरेमा जुनसुकै समयमा पनि कार्यालयले सम्झौता तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरीनेछ ।

९. प्रचलित नियम विपरीत कर असुल गर्न वा एउटा स्थानिय तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असुल गर्न पाईने छैन ।

१०. कुश्मा नगरपालिकालाई तिर्नु पर्ने रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता फर्म वा कम्पनीका नाममा समेत दरभाउपत्र स्वीकृत गरीने छैन ।

११. दरभाउपत्र स्वीकृत गर्ने आंशिक स्वीकृत गर्ने र स्वीकृत नगर्ने सम्पूर्ण अधिकार कुश्मा नगरपालिकामा सुरक्षित रहने छ ।

१२. नगरपालिकाले तोकेको कर संकलन केन्द्रमा कर दस्तुर उठाउने बस्तुको स्पष्ट सूची राख्नु पर्नेछ ।

१३. ठेक्का अवधि समाप्त भए पछि कर चुक्ता गरेको प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता दिईनेछ ।

१४. कुनै पनि कारण देखाई कार्यालयमा मिनाह माग गर्न पाईने छैन ।

१५. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिईएको नीति निर्देशनहरु पालना गर्नु सम्वन्धित ठेकदारको कर्तब्य हुनेछ ।

१६. नेपाल सरकारको कुनै पनि निकायले संचालन गरेको सवारी साधनमा उल्लेखित कर लगाउन पाईने छैन।

१७. ठेक्का सम्बन्धी कुनै बिबाद भएमा आपसी सहमतिबाट टुङ्गो लगाईने छ। यदि सहमति हुन नसके नगरपालिकाको निर्णय अन्तिम हुने छ ।

१८. ठेकदारले दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागि कार्यालयमा सम्पर्क गरी सक्नु पर्नेछ। संझौता गर्ने बखतमा सम्बन्धित फर्म वा कम्पनीले आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको माथी उल्लेखित धरौटी खातामा नगदै वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ । तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का ब्यबस्थापन प्रक्रिया अगाडी बढाईनेछ ।

१९. दरभाउपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ। करको दर रेट दरभाउपत्र फाराममा उल्लेख हुने छ ।

२०. यस सूचनामा उल्लेख नभएको थप कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२०८०।११।१५

प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद तिवारी

प्रमुख प्रशासकीय अधिकृत